# मोहन्याल गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड :-९ | संख्या :- १ | मितिः- २०८२/०२/१६

## भाग- २

अध्यक्ष बालश्रम निर्मुल कार्यक्रम अन्तर्गत बालश्रममा प्रयोग भएका बालबालिका  छनौट मापदण्ड, २०८२

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम गाउँ कार्यपालिकाले यो मापदण्ड तर्जुमा गरी जारी गरेकोछ ।**

संवत् २०८२ सालको मापदण्ड नं. १

**आज्ञाले,**
**रुपेश कुमार शर्मा बराल**
**प्रमुख प्रशासकीय अधिकृत**

CamScanner

# अध्यक्ष बालश्रम निर्मूल कार्यक्रम अन्तर्गत बालश्रममा प्रयोग भएका बालबालिका छनौट मापदण्ड, २०८२

नेपालले श्रम ऐन, २०४८ र बाल ऐन, २०४९ लागु गरेको छ । बाल ऐनले १४ वर्षमुनिका बालबालिकालाई काममा लगाउनु गैरकानूनी घोषणा गरको छ तथापि श्रमको कुनै पनि क्षेत्र बालश्रम र शोषणवाट मुक्त हुन सकेको छैन । बालवालिकालाई काममा लगाउनुको मूल कारण नै श्रम सम्वन्धी ऐन कानूनको अपर्याप्तता र अप्रभावकारी कार्यान्वयन हो ।

बालश्रमको क्षेत्रमा मोहन्याल गाउँपालिका भित्र पनि बालबालिकाहरु कुनै न कुनै रुपमा प्रयोग हुँदै आएका छन् । बालश्रमको क्षेत्रमा प्रयोग भएका बालबालिकाहरुलाई त्यहाँबाट बाहिर ल्याएर समाजमा पुनःस्थापित गरी सामाजिक जीवन बिताउन सजिलो होस् भन्ने उद्देश्यले मोहन्याल गाउँपालिकाले अध्यक्ष बालश्रम निर्मूल कार्यक्रम सञ्चालन गरी पालिका भित्रका सात वटै वडामा बालश्रमको क्षेत्रमा रहेका बालबालिकाको यथार्थ पहिचान होस् र पहिचान भएका बालवालिका भित्रबाट अत्यावश्यक बालवालिकालाई केही राहत उपलब्ध गराउनका लागि पारदर्शी, निष्पक्ष र प्रभावकारी वातावरण बनोस् भन्ने मूल उद्देश्य राखी यो मापदण्ड जारी गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१) **संक्षिप्त नाम र प्रारम्भः** यो मापदण्डको नाम अध्यक्ष बालश्रम निर्मूल कार्यक्रम अन्तर्गत बालश्रममा प्रयोग भएका बालबालिकाको छनौट मापदण्ड, २०८२ रहेको छ ।

२) **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

क) **"अध्यक्ष"** भन्नाले गाउँपालिका अध्यक्ष सम्झनु पर्छ ।

ख) **"छनौट समिति"** भन्नाले दफा ३ बमोजिम गठन भएको समिति सम्झनु पर्छ ।

ग) **"मापदण्ड"** भन्नाले अध्यक्ष बालश्रम निर्मूल कार्यक्रमको लागि तयार पारिएको मापदण्ड सम्झिनु पर्छ ।

## परिच्छेद २
## छनौट सम्बन्धी व्यवस्था

३) **छनौट समिति गठनः**

अध्यक्ष बालश्रम निर्मूल कार्यक्रमका लागि असहाय, टुहुरा र अभिवावक विहीन बालबालिका सिफारिस गर्न देहायबमोजिमको छनौट समिति गठन गरिनेछ ।

क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको एक जना अधिकृतस्तरको कर्मचारी — अध्यक्ष

ख) महिला बालबालिका शाखाबाट एक जना कर्मचारी — सदस्य

ग) रोजगार संयोजक सदस्य-सचिव

**४) छनौट सम्बन्धी आवश्यक मापदण्डः**

अध्यक्ष बालश्रम निर्मूल कार्यक्रमका लागि देहायबमोजिमको मापदण्डमा रही प्रत्येक वडाले असहाय, टुहुरा र अभिभावक विहीन बालबालिका सिफारिस गर्नुपर्नेछ ।

क) अभिभावक गुमाएर अभिभावकत्व नपाएका विद्यालय जानबाट बञ्चित बालबालिका भएमा अभिभावकको मृत्यु दर्ता र परिवार सङ्ख्या पेश गरेमा बढीमा १०, मध्यम ८ र कम्तीमा ५ अङ्क ।

ख) औपचारिक र अनौपचारिक रुपमा रोजगारीको क्षेत्रमा श्रममा प्रयोग भइरहेका बालबालिका प्रयोग भएको क्षेत्रबाट यथेष्ठ प्रमाणसहित सिफारिस भई आएमा बढीमा १०, मध्यम ८ र कम्तीमा ५ अङ्क ।

ग) आर्थिक रुपमा विपन्न (दलित, जनजाती, लोपोन्मुख, बेसहारा) विद्यालय शिक्षाबाट वञ्चित बालबालिकाको सम्बन्धीत वडाबाट प्रमाण खुल्ने कागजात र परिवार सङ्ख्या पेश भएमा बढीमा १०, मध्यम ८ र कम्तीमा ५ अङ्क ।

घ) घरबाट विद्यालयसम्म पुग्ने दूरी टाढा भएर छात्रावास प्रयोग गरी विद्यालयमा वा घर भाडामा बसेका विपन्न बालबालिकाको हकमा सम्बन्धित विद्यालय र वडाबाट परिवार सङ्ख्या सहितको सिफारिस आएमा बढीमा १०, मध्यम ८ र कम्तिमा ५ अङ्क ।

ङ) अपाङ्ग सुस्त-मनस्थिति, अटिज्म, दृष्टिविहीन बालबालिकाको प्रमाण खुल्ने कागजात सहित सिफारिस भएमा बढीमा १०, मध्यम ८ र कम्तीमा ५ अङ्क ।

**५) सहायता प्राप्त गर्ने बालबालिकाको अन्तिम सूची प्रकाशनः**

प्रत्येक वडाबाट सिफारिस भई आएका पत्रको आधारमा दफा ३ बमोजिम गठन भएको छनौट समितिले दफा ४ को छनौट सम्बन्धी मापदण्डको आधारमा मूल्याङ्कन गरी अन्तिम सूची प्रकाशन गर्नेछ ।

आज्ञाले
रुपेश कुमार शर्मा बराल
प्रमुख प्रशासकीय अधिकृत



CamScanner